# कोरोना महाव्याधि विरुद्ध सार्वजनिक पहल, नेपाल
# कोमविसाप
# Public Initiative Against Corona Pandemic, Nepal
# (PIACPN)

**मितिः ५ बैशाख २०७७**

## प्रेस विज्ञप्ती
## श्रमिकलाई जीवनयापन र घर फर्कने आवश्यक प्रबन्ध तत्काल गरौं ।

पसिना बगाउन र देश बनाउन शहर पसेका पौरखीहरु अहिले गास र वास नपाएर खालि खुट्टा राजमार्गमा पैदल हिँड्नुपरेको समाचार र तस्विरहरुले हामीलाई मर्माहत बनाएको छ। सुरक्षित यातायात साधनको अभावमा बृद्ध, महिला, स-साना बालबालिकाहरु समेत कैयौं दिनसम्म पैदल यात्रा गर्न बाध्य भएका छन् । आफ्ना नागरिक घर न घाटको हुनु कुनै पनि सभ्य समाजका लागि लज्जाको विषय हो । त्यसैले मजदुरहरुलाई सम्मानपूर्वक बाँच्न पाउने अवस्था सिर्जना गर्न संघीय, प्रदेश एवं स्थानीय सरकारलाई अपिल गर्दछौं ।

१) लकडाउन अवधिभर कार्यस्थलमै रहन चाहने श्रमिक र तिनका परिवारका निमित्त संघीय र प्रदेश सरकार तथा स्थानीय तहको संयोजनमा भोजन र बसोबासको व्यवस्था होस् ।

२) गाउँ फर्कन चाहने किसान मजदुरको लागि यातायात, खाने, पिउने प्रबन्ध तत्काल गर्न संघीय सरकारले प्रदेश तथा स्थानीय सरकारसँगको समन्वय गरोस् ।

३) उद्योग तथा व्यवसाय र साना-ठूला परियोजनामा काम गर्ने मजदूर गाउँ फर्कनुपर्ने अवस्था आएमा सम्बन्धित परियोजना वा ठेकेदारको समन्वयमा राज्यले घरसम्म पुऱ्याउने प्रबन्ध मिलाओस् ।

४) यातायातको प्रबन्धकालागि ठूला निजी विद्यालय, सरकारी कार्यालय लगायतका ठूला बसहरुको प्रयोग गर्ने र यस्तो व्यवस्था गर्दा न्युनतम भौतिक दूरी लगायत सावधानी अपनाउन व्यवहारिक निर्देशिका जारी होस् ।

५) गाउँ फर्किसकेपछि क्वारेन्टिन वा निगरानीमा बस्नुपर्ने भएमा त्यस्तो व्यवस्था वडा वडामा होस् । यस्तो व्यवस्था मिलाउँदा स्वास्थ्य प्रोटोकललाई समेत ध्यानमा राखेर कार्यान्वय होस् ।

६) गाउँमा बाँझो रहेका खेत बारिलाई फेरि ब्युँताउने अवसरका रुपमा प्रयोग गर्न खेतिपातिलाई कसरी सञ्चालन गर्न सकिन्छ भन्ने बारेमा व्यवहारिक कार्यक्रम लागू होस् ।

७) आफ्नो घर खेत नभएका र खान बस्न अप्ठेरो भएका अति-विपन्नको लागि स्थानीय सरकारले समुदायसँगको सहकार्यमा व्यवस्था मिलाउने गरी सरकारले आवश्यक वित्तीय कार्यक्रम घोषणा गरोस् ।

८) भारतमा कार्यरत लाखौं मजदूर नेपाल फर्कन चाहेको, नेपाल फर्कन लामो दूरी पैदल हिँडेको र सीमा नाकामा उनीहरुलाई नेपाल छिर्न नदिइएकोले उनीहरु लुकिछिपी नेपाल प्रवेश गर्ने गरेका छन् । जसरी पनि देशभित्र छिरी आफ्नो गाउँ जान चाहने नेपाली मजदूर र किसानको लागि 'सेफ प्यासेज' निर्माण गरी गाउँ जान दिनु नै उचित हुन्छ। त्यसो गर्दा संक्रमणबाट जोगिने सावधानीहरु अपनाउन अति जरुरी हुन्छ। उनीहरु बाटामै बिरामी भए वा घर पुगेपछि सम्बन्धित पालिकामै क्वारेन्टिनको व्यवस्था गरी यात्रा कार्डको व्यवस्था होस् ।

९) देशैभरिका स्थानीय रेडियोमार्फत गाउँ तहसम्म पुग्ने गरी सही र आधिकारिक सूचनाहरु जारी गर्नेतर्फ कदम चालियोस् ।

**कोरोना महाव्याधि विरुद्ध सार्वजनिक पहलको तर्फबाट**

| क्र.सं. | नाम |
|---|---|
| १ | डा. बाबुराम भट्टराई<br>सांसद, पूर्व प्रधानमन्त्री |
| २ | प्रदीप गिरी<br>राजनीतिज्ञ, सांसद |
| ३ | कृष्ण आचार्य<br>उद्यमी व्यवसायी |
| ४ | डा. कल्याणराज शर्मा<br>अर्थशास्त्र, व्यवस्थापन |
| ५ | डा. दोभान राई<br>सूचना प्रविधि विज्ञ |
| ६ | प्रदीप परियार<br>सामाजिक अभियन्ता |
| ७ | ब्रबिम कुमार<br>सामाजिक अभियन्ता |
| ८ | मनोज पौडेल, अर्थविद् |
| ९ | डा. रेशम थापा<br>अर्थशास्त्री, प्राध्यापक |
| १० | लुना रन्जित<br>अधिकारकर्मी |
| ११ | डा. लोचन कार्की<br>चिकित्सक, अध्यक्ष, एनएमए |
| १२ | डा. ल्हामो शेर्पा<br>जनस्वास्थ्य विज्ञ |
| १३ | विश्वदीप पाण्डे<br>सञ्चार क्षेत्र |
| १४ | डा. सबिन निंगलेखु<br>शहरी शासन विज्ञ |
| १५ | डा. सुरेन्द्र यादव<br>चिकित्सक, सांसद |
| १६ | सुरेन्द्र शाह<br>सुरक्षा विज्ञ, पूर्व एआइजीपी |
| १७ | डा. स्वर्णिम वाग्ले<br>पूर्व उपाध्यक्ष, राष्ट्रिय योजना आयोग |